# प्रथम अध्याय

## १. शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोध प्रबन्धको 'शीर्षक सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण' रहेको छ।

### १.२ शोध समस्याकथन

कथाकार सानु लामाका कथाबारे विभिन्न दृष्टिकोणबाट अध्ययन गरेर नेपाली स्नातकोत्तर तहसम्म केही सङ्गोष्ठी पत्र तथा एम फिल तहमा लघु शोध प्रबन्धहरू लेखिएका पाइन्छन्। यसो भए तापनि पारिवारिक जीवनको चित्रण विषयमा केन्द्रित भएर सानु लामाका कथाको अध्ययन गरी कुनै शोध कार्य अद्यावधि प्रस्तुत गरिएको पाइँदैन। त्यसैले प्रस्तुत विषयमा केन्द्रित भएर हेर्दा निम्नलिखित समस्याहरूबारे समीक्षात्मक रूपमा विचार गर्न सकिने देखिन्छ।

- सानु लामाका अग्रज भारतीय नेपाली कथाकारहरूका कथामा पारिवारिक जीवनको चित्रण कसरी गरिएको छ? ती कथाहरूसँग लामाका कथामा गरिएको पारिवारिक जीवनको चित्रण मिल्दो छ कि छैन?
- समाजशास्त्री एवम् मानवशास्त्रीहरूले गरेको परिवारको प्रकार विभाजनका आधारमा सानु लामाका कथाको अध्ययन गर्दा त्यहाँ

अङ्किकत पारिवारिक जीवनको व्याख्या कुन रूपमा गर्न सकिन्छ र त्यसबाट के कस्ता निष्कर्षमा पुग्न सकिन्छ?

- सानु लामाका कथामा पाइने पारिवारिक जीवनको चित्रणका मुख्य विशेषता के के हुन्?
- सानु लामाका कथाले स्थानीय सन्दर्भका साथै समग्र नेपाली समाजको पारिवारिक जीवनको स्थिति र शैलीका सन्दर्भलाई के कस्तो रूपमा र कतिको सफलतापूर्वक प्रस्तुत गर्न सकेका छन्?
- यी कथाहरूले नेपालीहरूको पारिवारिक जीवनलाई कुन दिशातर्फ अग्रसर रहेको देखाउँछ?
- कथामा पारिवारिक जीवनको चित्रणका दृष्टिले सानु लामाको कथाकारिताको स्वरूप कस्तो छ?

सानु लामाका कथामा पारिवारिक जीवनको सन्दर्भ एउटा महत्त्वपूर्ण इतिवृत्तका घटकको रूपमा रहेको भए तापनि यसबारे माथि उल्लिखित समस्याहरूमा परिसीमित भएर कुनै शोधकार्य गर्ने काम भएको पाइँदैन। त्यसर्थ, यिनै समस्याहरूलाई दृष्टिकेन्द्रमा राखी यस शोध प्रबन्धमा सानु लामाका कथाहरूमा पाइने पारिवारिक जीवनको चित्रणबारे अध्ययन प्रस्तुत गरिएको छ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधप्रबन्धका उद्देश्यलाई निम्न बुँदाहरूमा राखिएको छ।

- परिवार शब्दको अर्थ, परिभाषा, प्रकार, विशेषता आदिबारे सैद्धान्तिक आधारहरूको खोजी गर्नु।

- मानवशास्त्री एवम् समाजशास्त्रीहरूले वर्गीकरण गरेको परिवारका प्रकारका आधारमा सानु लामाका कथामा पारिवारिक जीवनको चित्रणको स्थिति, स्वरूप र इतिवृत्तात्मक महत्त्वको मूल्याङ्कन गरी त्यसको सही निष्कर्ष खोज्नु।
- सानु लामाका कथामा पाइने पारिवारिक जीवनको चित्रणका पद्धतिगत विशेषताहरू खुट्ट्याउनु।
- यी कथाहरूले नेपाली परिवारका पारिवारिक जीवनलाई कुन दिशातर्फ अग्रसर रहेको देखाउँदछन् त्यसको खोजी गर्नु।
- उपर्युक्त विषयमा शोधकार्य गरी शोधप्रबन्ध तयार पारेर मूल्याङ्कन प्रस्तुत गरी विश्वविद्यालयबाट विद्यावारिधि (पिएचडी) उपाधि प्राप्त गर्नु।

## १.४ पूर्वकार्यको सर्वेक्षण

मानव जीवनका विविध पक्षलाई टिपेर कथा लेख्ने सानु लामा नेपाली साहित्यका एकजना प्रतिभाशाली कथाकारका रूपमा परिचित छन्। उनले विशेष गरी सामाजिक यथार्थवादी प्रवृत्ति अँगालेर मानव मनका अनेकौँ विषय इच्छा, कुण्ठा, पिर-व्यथा जस्ता कुराहरूलाई सूक्ष्म रूपमा केलाउँदै कथा लेखेका छन्। उनका कथाबारे विभिन्न दृष्टिकोणबाट हालसम्म विभिन्न समीक्षा, लेख, सङ्गोष्ठी पत्र, लघु शोध-प्रबन्ध आदि लेखिसकेको पाइन्छ। सानु लामाका कथाहरूबारे विभिन्न लेखकहरूले विभिन्न प्रसङ्गमा लामा छोटा लेखहरू प्रकाशित गरेको तथा व्यक्तिगत पत्रका माध्यमबाट पनि टिप्पणी गरेको पाइन्छ। यसैअनुरूप पूर्वकार्यको सर्वेक्षण गरी हेर्दा सानु लामाका कथा कृतिहरूलाई लिएर निम्नप्रकारले अध्ययन गरिएको पाइन्छ। अतः यहाँ सानु लामाका कथाहरूलाई लिएर हालसम्म प्राप्त भएका

समालोचनात्मक लेखहरूको विवरण साथै त्यसमा गरिएका चर्चा-परिचर्चाहरूको अध्ययन बुँदागत रूपमा प्रस्तुत गरिन्छ। यसै क्रममा विभिन्न पत्र-पत्रिका, व्यक्तिगत पत्र तथा सानु लामाका कथाबारे सन्दर्भअनुसार उल्लेख मात्रै भए पनि गरिएका पुस्तकहरूका नाम आदिको विवरण निम्नप्रकारले प्रस्तुत गरिन्छ -

- दयाराम श्रेष्ठ, सन् १९८२, 'भारतीय नेपाली कथा', नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ।
- ईश्वर बराल, जून, सन् १९८९, 'सिक्किममा नेपाली साहित्य', शिव प्रधान (सम्पा), 'चिन्तन' (साहित्यक सङ्कलन), सिक्किम साहित्य परिषद्।
- घनश्याम नेपाल (सम्पा), सन् १९८९, 'कथा सागर', जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम।
- राजेन्द्र भण्डारीले 'स्रष्टा'-मा 'पहिलो उठान : स्फुरणकाल', शीर्षक दिएर लेखिएको भूमिका स्वरूप लेखमा एकाध ठाउँमा सानु लामाका कथाबारे उल्लेख गरेका छन्।[१]
- प्रेम थुलुङ, सन् १९९२, 'मृगतृष्णाको पृष्ठभूमि र पात्र पात्रा परिचय', 'आधार', जुलाई, वर्ष ३, अङ्क ९/१०, गान्तोक, सिक्किम।
- हीरा छेत्री (सम्पा), सन् १९९३, 'भारतेली नेपाली पत्र पत्रिकाको शताब्दी १८८७-१९८६', जुलाई, शिवानी प्रकाशन, रम्फू, सिक्किम।
- एम एम गुरुङ, सन् १९९४, 'मृगतृष्णाका कथा लेखक सानु लामा : समीक्षा', 'सुनचरी' (दैनिक पत्रिका), २८ फरवरी, सिलगढी।

[१] केदर गुरुङ (सम्पा) (सन् १९९१), स्रष्टा (द्वैमासिक साहित्यक पत्रिका), वर्ष १३, अङ्क ३०, सिक्किम साहित्य प्रकाशन, पश्चिम सिक्किम, पृ vi

- इन्द्रबहादुर गुरुङ (सम्पा), सन् १९९४, 'सिक्किमे कथाकारको कथा सङ्ग्रह 'मृगतृष्ण'लाई वर्ष १९९६ सालको साहित्य अकादमी पुरस्कारले पुरस्कृत', 'डुवर्सवार्ता', डुवर्स छैटौँ नेपाली सांस्कृतिक उत्सव, डुवर्स।
- गीता शर्मा, सन् १९९४, 'कथाकार सानु लामा र उनको कथा सङ्ग्रह मृगतृष्णा', 'कनका', मई सिक्किम साहित्य परिषद्, वर्ष ५, अङ्क ५, गान्तोक।
- पवन चामलिङ 'किरण' (सम्पा), जनवरी सन् १९९६, 'निर्माण' (सामयिक साहित्यिक सङ्कलन), वर्ष १६, पूर्णाङ्क ९, नाम्ची, दक्षिण सिक्किम।
- ईश्वर बराल, सन् १९९८, 'सिक्किममा नेपाली साहित्य', शरद्चन्द शर्मा भट्टराई र कमलकान्त सेढाईं (सम्पा), 'भारतीय नेपाली साहित्य र साहित्यकार' (समीक्षात्मक लेखहरूको सङ्ग्रह), निर्माण प्रकाशन, नाम्ची, सिक्किम।
- प्रेम थुलुङ, सन् २०००, 'सन् १९७५ देखि यसो सिक्किमेली कथा साहित्य', दशरथ खरेल (सम्पा), 'स्मारिका' (नेपाली साहित्योत्सव २०००), १५, १६ मार्च, नाम्ची, दक्षिण सिक्किम।
- कुमार प्रधान, सन् २००१, 'दुइ शब्द', सानु लामा, 'आँगन परतिर' (एउटा भ्रमण वृत्तान्त), गान्तोक, सिक्किम।
- मोहन ठकुरी (सम्पा), सन् २००१, 'आरोहण' (सामयीक साहित्यिक पत्रिका), श्याम ब्रदर्स प्रकाशन,दार्जिलिङ।
- गोपाल गाउँले, सन् २००१, 'सिक्किममा नेपाली साहित्य हिजोदेखि आजसम्म', पवन चामलिङ किरण (सम्पा), 'गोपाल गाउँलेका सम्पूर्ण रचनाहरू', निर्माण प्रकाशन, नाम्ची, दक्षिण सिक्किम।

- पुष्कर पराजुली, वि सं २०५९ (सन् २००२), 'समकालीन भारतेली नेपाली कथाका प्रवृत्ति', सनत रेग्मी (सम्पा), 'समकालीन साहित्य' (नेपाली कथा समालोचना विशेषाङ्क २), वर्ष १२, अङ्क ४, पूर्णाङ्क ४६, साउन-भदौ–असोज।
- जस योञ्जन 'प्यासी', सन् २००३, २००४, 'आधुनिक भारतीय नेपाली कथामा सामाजिक यथार्थता', वत्सगोपाल (सम्पा), 'अकादेमी जर्नल' (सिक्किम अकादेमीको वार्षिक पत्रिका), सिक्किम ग्रामीण प्रबन्धन एवम् विकाश विभाग, वर्ष २, अङ्क २, सिक्किम सरकार गान्तोकद्वारा प्रकाशित।
- पूर्ण राई, सन् २००४, 'नेपाली साहित्य परिचय', जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम।
- चूडामणि खतिवडा, सन् २००५, 'आमुख', चुनिलाल घिमिरे, 'पद्मश्री सम्मानद्वारा विभूषित कथाकार सानु लामा' (जीवनी पुस्तक), नेपाली साहित्य परिषद्, गान्तोक।
- प्रवीण राई जुमेली, सन् २००५, 'पद्मश्री सानु लामालाई तेह्र प्रश्न', चुनिलाल घिमिरे, 'पद्मश्री सम्मानद्वारा विभूषित कथाकार सानु लामा' (जीवनी पुस्तक), नेपाली साहित्य परिषद्, गान्तोक।
- प्रवीन राई जुमेली, सन् २००६, 'सानु लामाको आँशु पुछ्ने बहाना', प्रवीन राई जुमेली 'शब्द सन्ताप' (सङ्कलित लेखहरू), जनपक्ष प्रकाशन, सिक्किम।
- उदय ठाकुर, सन् २००६, 'सानु लामालाई बालकले सोध्यो बुद्ध कहाँ छ?', सुवास दीपक (सम्पा), 'कहिले काहीं' (संस्मरण सङ्गालो), निर्माण प्रकाशन, नाम्ची, दक्षिण सिक्किम।

- कविता लामा, सन् २००६, 'नेपाली कथामा सामाजिक आलोचनाको विशिष्टता', वीरभद्र कार्कीढोली (सम्पा), 'स्थापना' (समसामयिक रचनाहरू), शान्ति प्रकाशन, गान्तोक, सिक्किम।
- नरेश चन्द्र खाती, सन् २००७, 'दुइ शब्द' कल्पना त्रिपाठी (सम्पा), 'सानु लामाका साना कथाहरू', ग्रीन हिल प्रकाशन, दार्जिलिङ।
- अविनाश श्रेष्ठ (सम्पा), वि सं २०६४ (सन् २००७), 'आधुनिक भारतीय नेपाली कथा', साझा प्रकाशन, ललितपुर।
- घनश्याम नेपाल, सन् २०१०, 'सानु लामा', शैलेश प्रधान (सम्पा), 'चाँपगुराँस' (सिक्किमे व्यक्तित्व विशेषाङ्क), सुम्बुक, दक्षिण सिक्किम।
- सहदेव एस गिरी (सम्पा), जुलाई सन् २०१०, 'चरित्र' (कथा विशेषाङ्क), हिलटप रोड, चन्द्रलोक, वर्ष २५, पूर्णाङ्क १२, कालेबुङ।
- राजकुमार छेत्री, जनवरी सन् २०११, 'भारतेली नेपाली कथा यात्रा : सन्दर्भ र अवलोकन', 'अवलोकन अवबोधन' (केही समीक्षात्मक लेख तथा साहित्यिक वार्त्ताहरूको सँगालो), मनमाया प्रकाशन, दार्जिलिङ।
- जस योञ्जन 'प्यासी', सन् २०१२, 'भारतीय नेपाली कथाको विकासक्रम', 'परख' (समालोचनात्मक लेख सङ्ग्रह), श्याम ब्रदर्स प्रकाशन, दार्जिलिङ।
- पारसमणि शम, सन् २०१२, 'कथाको कथा' (सम्पादकीय), पारसमणि शम (सम्पा), 'आजका कथा', साहित्य सिर्जना सहकारी समिति लिमिटेड, गान्तोक।
- राजकुमार छेत्री, शरद,शिशिर सन् २०१२, 'समकालीन भारतीय नेपाली कथाका प्रवृत्तिहरू', मोहन पी दाहाल (सम्पा), 'नेपाली जर्नल'

(नेपाली भाषा साहित्य र संस्कृतिबारे अनुसन्धानमूलक अर्द्धवार्षिक), वर्ष १, अङ्क १, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यलय, पश्चिम बङ्गाल।

- पुष्प शर्मा, शरद्,शिशिर सन् २०१२, 'समसामयिक नेपाली कथा र सानु लामाका कथामा नारी पात्र', मोहन पी दाहाल (सम्पा), 'नेपाली जर्नल'(नेपाली भाषा साहित्य र संस्कृतिबारे अनुसन्धानमूलक अर्द्धवार्षिक), वर्ष १, अङ्क १, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यलय, पश्चिम बङ्गाल।
- ज्ञानन्द्र अधिकारी, सन् २०१३,'साहित्य, समाज र हाम्रो कर्तव्यप्रति झिनो दृष्टि', गोबरधन बास्तोला र दलमान मुखिया (सम्पा), 'स्रष्टा' (द्वैमासिक साहित्यिक पत्रिका), वर्ष ३५, अङ्क ६९, नवेम्बर / दिसम्बर, पश्चिम सिक्किम साहित्य प्रकाशन, सिक्किम।
- दीपक तिवारी, सन् २०१३, 'सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा, स्वरूप र प्रवृत्ति', नाम्ची, सिक्किम।
- राजकुमार छेत्री, जनवरी सन् २०१४, 'भारतमा लेखिएका नेपाली कथामा लोक सांस्कृतिक सन्दर्भ', सहदेव एस गिरी (सम्पा), 'चरित्र' (समालोचना विशेषाङ्क), वर्ष २८, पूर्णाङ्क १३, चरित्र प्रकाशन, कालेबुङ।
- राजबहादुर राई, जनवरी सन् २०१४, 'समकालीन भारतीय नेपाली कथामा परिवेश चित्रण', सहदेव एस गिरी (सम्पा ), 'चरित्र' (समालोचना विशेषाङ्क), वर्ष २८, पूर्णाङ्क १३, चरित्र प्रकाशन, कालेबुङ।

- इन्द्रबहादुर छेत्री, जनवरी सन् २०१४, 'भारतीय नेपाली कथामा सामाजिक चेतना', सहदेव एस गिरी (सम्पा), 'चरित्र' (समालोचना विशेषाङ्क ), वर्ष २८, पूर्णाङ्क १३, चरित्र प्रकाशन, कालेबुङ।
- मोहन पी दाहाल, सन् २०१६, 'मन्तव्य', कल्पना त्रिपाठी, 'सानु लामाका कथामा समाज', विनायक प्रकाशन, सिलगढी।
- वत्सगोपाल, सन् २०१६, 'सम्मति', कल्पना त्रिपाठी, 'सानु लामाका कथामा समाज', विनायक प्रकाशन, सिलगढी ।

यसरी विभिन्न समालोचक तथा लेखकहरूले सानु लामाका कथा र कथागत प्रवृत्ति, विशेषताहरूका बारेमा आ-आफ्ना अध्ययन र मन्तव्य प्रस्तुत गरेका छन्। अतः उक्त उल्लेखित लेखहरूलाई लिएर गरिएको अध्ययन निम्नलिखित बुँदाहरूमा यसरी प्रस्तुत गर्न सकिन्छ –

सानु लामाको प्रथम कथा सङ्ग्रह 'कथा सम्पद्' (१९७४) मा इन्द्रबहादुर राईले भूमिका स्वरूप 'पारिचयिक' लेखेका छन्। यसमा राईले लामाको कथाकारिताबारे संक्षिप्त जानकारी दिएका छन्। यसै कथा सङ्ग्रहको दोस्रो संस्करण (सन् १९९५)भित्र घनश्याम नेपालले 'कथोद्घात' लेखेका छन्। यसमा उनले सानु लामाका कथाकारिताबारे टिप्पणी गर्दा पारिवारिक तथा सामाजिक अल्झोहरू पनि उनको आख्यान संसारका कुराहरू हुन् भनेका छन्।[२]

सन् १९९०मा सानु लामाको दोस्रो कथा सङ्ग्रह 'मृगतृष्णा' प्रकाशित भयो। यस सङ्ग्रहको भूमिकामा राधाकृष्ण शर्माले सङ्ग्रहभित्रका कथाहरूको स्फुट रूपमा चर्चा गर्दै सानु लामाको कथाकारिताबारे टिप्पणी गरेका छन्। शर्माले सानु लामालाई विशेष आञ्चलिकताका कथाकार मानेका छन्।[३] यसै कथा सङ्ग्रहलाई लिएर प्रेम थुलुङले

[२] सानु लामा (सन् १९९५), कथा सम्पद्, के आर इन्टरप्राइजेस, गान्तोक, सिक्किम, पृ ६

[३] सानु लामा (सन् १९९०), मृगतृष्णा, साहित्य परिषद्, गान्तोक, सिक्किम, पृ ग

'मृगतृष्णाको पृष्ठभूमि र पात्र पात्रा परिचय' शीर्षक दिएर 'आधार' पत्रिकामा लेख प्रस्तुत गरेका छन्।[४] प्रस्तुत लेखमा प्रेम थुलुङ्ले जीवन, समाज, व्यक्ति र परिवेशको क्रियाकलापमा 'मृगतृष्णा'-का कथाहरू नयाँ दिशा प्रदान गर्न अग्रसर भएको बुझिन्छ भन्दै सङ्ग्रहभित्रका हरेक कथाका पात्रहरूको परिचय दिने काम गरेका छन्।

यसरी नै सिलगढीबाट नेपाली साहित्य प्रचार समितिले 'कथाकार सानु लामा अभिनन्दन स्मारिका' सन् १९९४ सालमा प्रकाशित गरेको छ। यसभित्र इन्द्रबहादुर राईद्वारा लिखित 'मृगतृष्णा'मा हिँड्दै आनन्दको मार्ग' र घनश्याम नेपालको 'सानु लामा र उनको कथाकारिता - 'कथा सम्पद्'का सन्दर्भमा' शीर्षक लेखहरू समावेश गरिएका छन्। यसका साथै मीमलाल सापकोटाले लिएको कथाकार सानु लामाको अन्तर्वार्तालाई पनि यसमा समावेश गरिएको छ। यसमा इन्द्रबहादुर राईले 'मृगतृष्णा' सङ्ग्रहभित्रका कथालाई दृष्टान्तमा राखेर सानु लामाको कथालेखनको समीक्षा गरेका छन्। यसमा उनले सानु लामा र उनको 'मृगतृष्णा' कथा सङ्ग्रहको संक्षिप्त चर्चा गर्दै मुख्यतः 'पैयुँ फुलेको दिन' कथालाई केलाउने कार्य गरेका छन्। राईले उपर्युक्त लेख सानु लामाका कथामा पाइने पारिवारिक जीवनको चित्रणमै केन्द्रित भएर नलेखेका भए तापनि कथाभित्रका पात्रहरूको पारिवारिक सम्बन्धतर्फ राईले औँल्याएर देखाइदिएका छन्। अतः राईले कथामा पाइने पारिवारिक जीवनको चित्रणतर्फ सङ्केत भने गरेको बुझिन्छ। यसरी नै घनश्याम नेपालले सानु लामाको कथाकारिताबारेमा अत्यन्तै गहकिलो लेख प्रस्तुत गरेका छन्। यसलाई सानु लामाको कथाकारिताबारे हालसम्म लेखिएका लेखहरूमध्ये सर्वश्रेष्ठ मान्न सकिन्छ।

गीता शर्माले सन् १९९९ सालमा 'नेपाली लेखक कोश'-मा भनेकी छन् कि भारतीय नेपाली कथा लेखनमा उज्वाल नक्षत्रका रूपमा विशिष्ट स्थान प्राप्त गर्न

---

[४] सी के श्रेष्ठ (सम्पा) सन् १९९२, आधार, भारतीय नेपाली राष्ट्रीय परिषद्, वर्ष ३, अङ्क ९ / १०, गान्तोक, पृ ७

सक्षम कथाकार सानु लामाका शिष्ट शैलीमा लेखिएका कथा आञ्चलिकतामा सीमित छैनन्, तर मुक्त रूपले परिक्रमारत छन्।[५]

राजेन्द्र भण्डारीले सन् २००१मा 'सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मूल्याङ्कन' शीर्षकमा प्रस्तुत गरेको पिएच डी शोध प्रबन्धमा सानु लामाका एकाध कथाहरूको विश्लेषण गरेका छन्। यसमा उनले सानु लामा नेपाली कथा क्षेत्रमा आञ्चलिक संवेदन भएका, नारी जीवनका तथा निम्नवर्गीय मानिसका करुणात्मक चित्रण कर्ताका रूपमा चिनिएका छन् भन्ने विचार व्यक्त गरेका छन्।[६]

चुनिलाल घिमिरेले 'पद्मश्री सम्मानद्धारा विभूषित कथाकार सानु लामा' (जीवनी पुस्तक) सन् २००५ सालमा प्रकाशित गरेका छन्।[७] सानु लामाको जीवनवृत्त समेटेर लेखिएको यो प्रथम पुस्तक देखिन्छ। यसमा सानु लामाको बाल्यकालदेखि लिएर उनको व्यक्तित्वका विभिन्न पाटाहरूको परिचय दिइएको छ। यसैभित्र पूर्ण राईले 'हाम्रा ठूला कथाकार सानु लामा' भनेर सानु लामाको परिचय दिएका छन्। यस्तै प्रकारले यसै वर्ष प्रकाशित डिल्लीप्रसाद अधिकारीको 'चिन्तनको चौतारी' पुस्तकमा 'मृगतृष्णामा संयोग कथा हेर्दा' शीर्षक लेखमा 'संयोग' कथाको कथासार मात्रै छ।[८]

कल्पना त्रिपाठीद्धारा सम्पादित 'सानु लामाका साना कथाहरू' पुस्तक सन् २००७ मा प्रकाशित भएको छ। यसमा मोहन पी दाहालले 'प्राक्कथन'मा सिक्किमका चर्चित कथाकार सानु लामाको 'कथा सम्पद्' सम्पत्तिशाली छ, 'गोजिका'

---

[५] घटराज भट्टराई(सम्पा) सन् १९९९, नेपाली लेखक कोश, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, काठमाडौँ, पृ ६७३

६ राजेन्द्र भण्डारी (सन् २००१), सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मूल्याङ्कन, उत्तर बङ्ग विश्वविद्यालयमा प्रस्तुत पिएच डी शोध प्रबन्ध, पश्चिम बङ्गाल, पृ १५४

[७] चुनिलाल घिमिरे ( सन् २००५), पद्मश्री सम्मानद्धारा विभूषित कथाकार सानु लामा (जीवनी पुस्तक), नेपाली साहित्य परिषद्, गान्तोक

[८] डिल्लीप्रसाद अधिकारी (सन् २००५), चिन्तनको चौतारी (साहित्यिक चर्चा), निर्माण प्रकाशन, नाम्ची, दक्षिण सिक्किम, पृ ४

गल्पगुच्छ गौरवशाली र ‘मृगतृष्णा’ मूर्धन्य’[९] भनेर लामाका कथा सङ्ग्रहको विशेषता बताइदिएका छन्। यसैभित्र घनश्याम नेपालले ‘साना कथामा सानु लामा’ शीर्षक दिएर सानु लामाका लघु कथाबारे समीक्षामूलक रूपमा चर्चा गरेका छन्।

पुष्प शर्माले ‘समसामयिक कथाकार सानु लामाका कथामा नारी पात्र’ लेख प्रकाशित गरेकी छन्।[१०] यसमा उनले सानु लामाका कथामा पाइने विशेषताहरू केलाउँदै सामाजिक परिपाटी अनुकूल जीवन धान्न खोज्दा चोट खाएका, व्यक्तिगत इच्छा र चाहनामा बाँच्न परिस्थितिका चपेटमा परेका, आर्थिक स्थिति नराम्रो हुँदा र गाउँका ठूलाठालुसित ऋण लिँदा शोषणको सिकार भएका, सम्पत्तिवालाहरूको शोषण गर्ने मनोवृत्ति, लोग्ने मरेपछि रोएरै जीवन बिताउने पत्नी, व्यक्तिलाई स्वविवेक र स्वेच्छामा रहन नदिएर त्यसप्रति पारम्परिक आदर्श र रूढिका दृष्टिले हेरिनु आदिमाथि पनि कथाकारले प्रकाश पारेका छन् भन्ने कुरा उल्लेख गरेका छन्। यसरी नै घनश्याम नेपालले ‘नेपाली साहित्यको परिचयात्मक इतिहास’ पुस्तकमा सानु लामाका कथामा सरल भाषाशैलीमा सामान्य ग्रामीण वा पारिवारिक जीवनको चित्रण पाइन्छ भनेर भनेका छन्।[११]

इन्द्रबहादुर छेत्रीले ‘केही साहित्यिक समीक्षा’ पुस्तकमा ‘समसामयिक भारतीय नेपाली कथामा आर्थिकबोध / सामाजिकबोध’ शीर्षक लेखमा भारतको पूर्वाञ्चल क्षेत्रभित्र सिक्किमलाई देखाउँदै कथाकार सानु लामाका कथाबारे चर्चा गरेका छन्। यसैक्रममा उनले सानु लामाको ‘मृगतृष्णा’ सङ्ग्रहका कथाहरूमा पाइने विशेषताहरूमध्ये कुनै परिवारमा मराउ पराउ परेको खण्डमा गाउँ घरका छर

[९] कल्पना त्रिपाठी (सम्पा), सन् २००७, सानु लामाका साना कथाहरू, ग्रीन हिल प्रकाशन, दार्जिलिङ, पृ ७

[१०] पुष्प शर्मा (सन् २००८), ‘भाषा साहित्य विचरण’ (समालोचना सङ्ग्रह), निर्माण प्रकाशन, सिक्किम, पृ १२८

[११] घनश्याम नेपाल (सन् २००९), ‘नेपाली साहित्यको परिचयात्मक इतिहास’ (संशोधित र परिवर्दधित संस्करण), एकता बुक हाउस, पश्चिम बङ्गाल, पृ २१३

छिमेकीहरू आएर एकजुट भई कार्य उतार्ने, संवेदना व्यक्त गर्ने आदि कुराहरूको चर्चा गरेका छन्।[१२] अर्थात् एउटा परिवारभित्र हुने तथा हुन सक्ने सम्भाव्य घटनाहरू सानु लामाका कथामा प्रशस्तै पाइन्छन् भनेर उनका कथामा पाइने पारिवारिक जीवनको चित्रणतर्फ सङ्केत गरेको बुझिन्छ। यसमा उदाहरण स्वरूप लामाका 'रम्मीमा सिक्वेन्स एउटा अनुक्रम' र 'पैयुँ फुलेको दिन' कथालाई लिएका छन्। उनको यस लेखमा सानु लामाका कथामा पारिवारिक जीवनको चित्रणतर्फ पनि ध्यानाकर्षित देखिन्छ। यसै लेखलाई भित्र केही हेरफेर नगरी सन् २०१४मा सहदेव एस गिरीको सम्पादनमा प्रकाशित 'चरित्र' (समालोचना विशेषाङ्क)मा 'भारतीय नेपाली कथामा सामाजिक चेतना' शीर्षक मात्रै परिवर्तन गरेर प्रकाशित पनि गरेको पाइन्छ।

सन् २०१०मा घनश्याम नेपालको सम्पादनमा प्रकाशित 'अभिज्ञान'-मा सविता तामाङ्ले 'सानु लामाको कथा सम्पद् कथा सङ्ग्रहका नारी पात्र' शीर्षक दिएर लेख प्रस्तुत गरेकी छन्। यसमा नारीवादी दृष्टिकोणबाट नारी पात्रलाई केलाइएको छ।[१३]

कविता लामाले 'अनुशीलन' (लेखहरूको सङ्ग्रह)मा 'नेपाली कथामा सामाजिक आलोचनाको विशेषता' शीर्षक लेखभित्र सानु लामाको कथाकारितामाथि प्रकाश पारेको पाइन्छ। यसमा उनले स्वस्थ समाज निर्माणको चाहना सानु लामाभित्र अवश्य नै छ, त्यसप्रति यिनी बढी संयमतापूर्वक चिन्तन गरेर कलम चलाउँछन्[१४] भनेर भनेकी छन्। उनका विचारमा सानु लामाका कथाहरूमा निम्नमध्यम वर्गीय समस्या, पारिवारिक तनाउ र विघटनको स्थिति, ग्रामीण जीवनका प्रमुख पक्ष, सामाजिक विकृति, आर्थिक द्वन्द्व आदि विषयहरू प्रमुख रहेको बुझिन्छ। अत: उनले

---

[१२] इन्द्रबहादुर छेत्री (सन् २००९), 'केही साहित्यिक समीक्षा', दुर्गागडी, सिलगढी, पृ ६०

[१३] घनश्याम नेपाल (सम्पा) सन् २०१०, अभिज्ञान (शोधमूलक अर्द्धवार्षिक), वर्ष १, अङ्क १, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय, पश्चिम बङ्गाल, पृ २४

[१४] कविता लामा (सन् २०१०), अनुशीलन (लेखहरूको सङ्ग्रह), माया प्रकाशन, दार्जिलिङ, पृ ७७

पारिवारिक जीवन पनि सानु लामाका कथाहरूमा पाइने एउटा विशेषता नै हो भन्ने कुरातर्फ सङ्केत भने गरेको देखिन्छ। यसो भए तापनि हालसम्म उनले यस विषयलाई नै प्रमुखता दिएर कुनै लेखादि लेखेको भने पाइएको छैन।

सन् २०१०मा दिवाकर प्रधानको सम्पादनमा प्रकाशित 'स्मारिका'भित्र पुष्कर पराजुलीले 'भारतीय नेपाली कथाका प्रवृत्ति' शीर्षक लेखमा भारतेली नेपाली कथाकारका कथाहरूलाई समेटेका छन्। यसै क्रममा उनले पारिवारिक जीवनको सुखद परिवेशको निर्माण गर्दै सरल भाषा शैलीमा लेखिएका सानु लामाका कथाहरूले मानवीय संवेदनाका विविध तरेली तरेलीलाई स्पर्श गर्न सकेका छन् भनेर कथाकार सानु लामाका कथाबारे टिप्पणी गरेका छन्।[१५] वस्तुत: पराजुलीले सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण स्पष्ट रूपमा रहेको छ भन्ने कुरातर्फ सङ्केत गरेको बुझिन्छ।

सन् २०१०मा प्रकाशित 'अनुशीलन'मा भूपेन तामाङले 'सानु लामाका कथामा नारी' शीर्षक दिएर लामाका कथामा पाइने नारी पात्रको प्रयोग केलाउने काम गरेका छन्।[१६] कुनै कथामा चित्रित नारी पात्रलाई केलाउने क्रममा ती नारीले गर्दा कथामा भएको परिवारमा के कस्ता समस्याहरू आइपरेका देखिन्छन् त्यस प्रश्नतर्फ भने लेखकको ध्यान गएको देखिँदैन। वास्तवमा कथामा चित्रित परिवारमा नारी पात्रले गर्दा पारिवारिक जीवनमा अनेकौँ प्रकारका हेरफेरहरू देखिने गर्दछन्। तर भूपेन तामाङले यसो नगरेर कथाकार सानु लामाका कथामा भएका नारी पात्रको चरित्रलाई मात्रै केलाउने काम गरेका छन्।

---

[१५] दिवाकर प्रधान (सन् २०१०), स्मारिका (अन्तर्राष्ट्रिय संगोष्ठी नेपाली भाषा र साहित्य : विकास एवम् काशी हिन्दू विश्वविद्यालय कला सङ्काय, भारतीय भाषा विभाग (प्रकाशक), पृ ८७

[१६] योगेश पन्त (सम्पा) (सन् २०१०), अनुशीलन (साहित्य सामयिकी), वर्ष १, अङ्क १, पश्चिम बङ्गाल : अनुशीलन परिवार उत्तरबङ्ग विश्वविद्यालय परिसर, पृ १८

सन् २०११मा पुष्कर पराजुलीको सम्पादनमा प्रकाशित 'अभिज्ञान'-मा रेनुका तामाङले 'सानु लामाका कथामा पारिवारिक जीवन' शीर्षक दिएर लेख प्रस्तुत गरेकी छन्। यसमा उनले कथाकार सानु लामाका कथामा पाइने पारिवारिक जीवनबारे अध्ययन प्रस्तुत गरेकी छन्।[१७] अद्यावधि सानु लामाका कथामा पाइने पारिवारिक जीवन शीर्षक दिएर यसबारे अध्ययन गरिएको यही लेखबाहेक अरू भेटिएको छैन।

अर्जुन यावाको सम्पादनमा प्रकाशित 'अभियान'मा पारसमणि समले 'समकालीन सिक्किमेली कथा : सर्वेक्षणात्मक अध्ययन' शीर्षक दिएर लेखेको भूमिकास्वरूप लेखमा संक्षेप रूपमा कथाकार सानु लामाका कथामा पाइने विशेषताबारे चर्चा गरेका छन्।[१८] यसो गर्ने क्रममा उनले तर सानु लामाका कथामा पाइने विशेषतामध्ये पारिवारिक जीवनको चित्रणतर्फ भने सङ्केतसम्म पनि गरेका छैनन्। यसरी नै राजकुमार छेत्रीले 'सिर्जनाको समालोचना' पुस्तकमा 'सानु लामाको कथाकारिता, विश्लेषण तथा मूल्याङ्कन' शीर्षक लेख समावेश गरेका छन्। यसमा सानु लामाको कथाकारिताबारे टिप्पणी गरिएको भए तापनि उनका कथामा पाइने पारिवारिक जीवनको चित्रण पनि एउटा मुख्य विशेषता रहेको कुरातर्फ लेखकको ध्यान गएको भने देखिँदैन।

यसरी नै घनश्याम नेपालले 'विधा विविधा' पुस्तकमा 'कथा सम्पद्का सानु लामाको कथाकारिता' शीर्षक लेख प्रस्तुत गरेका छन्।[१९] यो वस्तुतः १९९४मा प्रकाशित लेखकै पुनर्लिखित रूप मात्रै हो। यसमा नेपालले सानु लामाका कथाका मूलस्वर नै करुणा हो भन्ने कुरामाथि विशेष जोड दिएका छन्। यसका अतिरिक्त सानु

---

[१७] पुष्कर पराजुली (सम्पा) (सन् २०११), 'अभिज्ञान' (नेपाली अर्द्धवार्षिक शोधपत्रिका), वर्ष २, अङ्क ३, उत्तर बङ्ग विश्वविद्यालय, पृ ६४

[१८] अर्जुन यावा (सम्पा) (सन् २०१२), 'अभियान' (कथा विशेषाङ्क), वर्ष ५, सामयिक नेपाली साहित्यिक सङ्कलन, सिक्किम, , पृ ८

[१९] घनश्याम नेपाल (सन् २०१४), विधा विविधा (लेखादि सङ्ग्रह), उपमा प्रकाशन, कालेबुङ, पृ ८०

लामाका कथामा चित्रित पात्र तथा कथावस्तु निम्नमध्यम वर्गीय समाजबाट लिइएका छन् भन्ने कुरा पनि व्यक्त गरेका छन्। यसका साथै लामाका कथाहरू संवेदनाशील हृदय भएका पाठकहरूका निम्ति भने मिठा किसिमका छन् भन्ने मत पनि प्रकट गरेका छन्।

कल्पना त्रिपाठीले 'सानु लामाका कथामा समाज' शीर्षक पुस्तक सन् २०१६मा प्रकाशित गरेकी छन्। उनले सन् २००७मा उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागबाट 'सानु लामाका कथाहरूको समाजशास्त्रीय अध्ययन' शीर्षकमा एम फिल तहमा तयार पारिएको लघु शोधप्रबन्धलाई नै पुस्तकाकार दिइएको हो। अत: उनले त्यसैमा गरिएकै कुराहरूलाई मात्रै प्रस्तुत गरेकी छन् भने सन् २००८मै प्रकाशित भइसकेको सानु लामाको तेस्रो कथा सङ्ग्रह 'सूर्यको तेस्रो किरण'-भित्रका कथाहरूबारे पनि कुनै चर्चा समावेश गरेकी छैनन्। यद्यपि उनले सानु लामाका जति कथाहरूको यसमा अध्ययन प्रस्तुत गरेकी छन्, त्यसमा पाइने सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, आर्थिक, मनोवैज्ञानिक, शैक्षिक तथा प्रेम आदि पक्षहरूलाई खुबै सम्यक् प्रकारले विश्लेषण गर्ने काम गरेकी छन्।

यसरी नै २०१७ मा कुशल छेत्रीले पनि 'बौद्ध दर्शनका सन्दर्भमा सानु लामाका कथाहरू' शीर्षक पुस्तक प्रकाशित गरेका छन्। यो पुस्तक वस्तुतः उनले सन् २०१५मा सिक्किम विश्वविद्यालयको नेपाली विभागबाट 'सानु लामाका कथामा बौद्ध दर्शनको प्रभाव, विश्लेषणात्मक अध्ययन' शीर्षकमा एम फिल तहमा तयार पारिएको लघु शोधप्रबन्धलाई नै पुस्तकाकार दिइएको हो। यसमा बौद्ध दर्शनको प्रभावका आधारमा पाइने सानु लामाका कथाहरूको अध्ययन प्रस्तुत गर्ने प्रयास गरेका भए तापनि दार्शनिक सन्दर्भहरूको सदुचित दृष्टान्तीकरण र अपेक्षित गम्भीरतासँगको विश्लेषण भने हुन सकेको पाइँदैन।

सानु लामाका कथामा चित्रित पारिवारिक जीवनलाई नै लिएर अद्यावधि रेनुका तामाङको उपर्युक्त लेखबाहेक कुनै शोधमूलक कार्य भएको पाइँदैन। यद्यपि लामाका कथालाई लिएर विभिन्न दृष्टिकोणबाट अध्ययन प्रस्तुत गर्दै विभिन्न विश्वविद्यालयबाट एम ए तथा एम फिल तहसम्म लघु शोधप्रबन्ध भने प्रस्तुत गरिसकेका छन्। यहाँ तिनै लघु शोध प्रबन्धहरूको समीक्षात्मक विवरण सङ्क्षेपमा प्रस्तुत गरिन्छ –

दैवकी देवी सेढाईँले सन् १९९५ सालमा त्रिभुवन विश्वविद्यालयबाट 'सानु लामाको कथाकारिता' विषयमा एम ए शोध पत्र प्रस्तुत गरेकी छन्। उनले सानु लामाका कथामा पाइने सामाजिक विषयवस्तुभित्र परिवारकेन्द्रित कथाहरू भनी उपशीर्षक दिएर कथामा पाइने पारिवारिक जीवनको चित्रणमा केन्द्रित कथाहरूको नाम मात्रै भए पनि उल्लेख गरेकी छन्। उनले कमला, बलराम थापाको कथा, तृषित मरूद्यान, ज्योतिबिनाको उज्यालो र पाहुना आदि कथामा सानु लामाले पारिवारिक संस्कारमा हुर्कने व्यक्तिको पारिवारिक दायित्त्व, स्थिति, आदर्श तथा पारिवारिक विघटन विकृति आदि विषयलाई समेटेर परिवारभित्रका विविध पक्षलाई देखाएकी छन्।[२०] अत: सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण पाइन्छ भन्ने कुरा सेढाईँले पनि आफ्नो शोध पत्रमा स्वीकार गरेको बुझिन्छ।

रबिना राईले सन् २०००मा 'सानु लामाका कथाहरूमा प्रतिविम्बित सिक्किमे जन जीवन एक अध्ययन' शीर्षकमा उत्तर बङ्ग विश्वविद्यलयको नेपाली विभागबाट स्नातकोत्तर तहमा लघु शोध प्रबन्ध प्रस्तुत गरेकी छन्। यसमा सानु लामाका कथामा पाइने सिक्किमे जन-जीवनबारे सङ्क्षिप्त रूपमा समीक्षा रहेको पाइन्छ।

---

[२०] दैवकी देवी सेढाईँ (सन् १९९५), 'सानु लामाको कथाकारिता' (लघु शोध पत्र), नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, पृ १२४

कल्पना त्रिपाठीले सन् २००७ सालमा 'सानु लामाका कथाहरूको समाजशास्त्रीय अध्ययन' शीर्षकमा एम फिल तहमा लघु शोधप्रबन्ध उत्तर बङ्ग विश्वविद्यलयको नेपाली विभागबाट प्रस्तुत गरेकी छन्। यसमा सानु लामाका कथामा रहेका सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक आदि पक्षहरूको अध्ययन भएको छ।

रेनुका तामाङ्ले उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागबाट सन् २०१० मा 'सानु लामा र पूर्ण राईका कथामा नारी' शीर्षकमा एम फिल तहमा लघु शोध प्रबन्ध प्रस्तुत गरेकी छन्। यसमा उनले दुवै कथाकारका कथामा पाइने नारी पात्रलाई नारीवादी दृष्टिकोणले केलाउने काम गरेकी छन्। यस लघु शोध प्रबन्धमा सानु लामाका कथा केलाउँदा एउटा परिवारभित्र रहेका सदस्यहरूमध्ये नारी र पुरुषमाझ के कस्तो सम्बन्ध देखाइएको छ त्यसबारे चर्चा गर्ने क्रममा पारिवारिक जीवनको पनि संक्षेपमा उल्लेख गरिएको पाइन्छ।

कुशल छेत्रीले सिक्किम विश्वविद्यालयको नेपाली विभागबाट सन् २०१५मा सानु लामाका कथामा 'बौद्ध दर्शनको प्रभाव, विश्लेषणात्मक अध्ययन' शीर्षकमा एम फिल तहमा लघु शोधप्रबन्ध प्रस्तुत गरेका छन्। यसमा कथाकार सानु लामाका कथामा पाइने बौद्ध दर्शनको प्रभावबारे चर्चा तथा विश्लेषण गर्ने काम मात्रै गरिएको छ।

यसरी विभिन्न प्रकारले सानु लामाका कथाको अध्ययन गरिएको पाइए तापनि आजसम्म चुनिलाल घिमिरे, कल्पना त्रिपाठी र कुशल छेत्रीका उपर्युक्त तीनवटा कृतिबाहेक उनका बारेमा अन्य कुनै पनि पुस्तकाकार कृति प्रकाशित भएको देखिँदैन। सानु लामाका कृतिहरूलाई लिएर हालसम्म जे जति अध्ययन भएको छ, त्यो पनि स्फुट रूपमा टिप्पणीमूलक समीक्षा तथा जानकारी दिने उद्देश्यले लेखिएका परिचयात्मक लेखहरूको सङ्ख्या मात्रै धेर रहेको भेटिएको छ। यसैले उनको साहित्य

लेखनको विस्तृत अध्ययन तथा विश्लेषणको काम अपूर्ण नै रहेको छ। उनका विषयमा सामान्य रूपमा जे जति पूर्व अध्ययन भएका छन् ती सबै खोजेर तिनको विवरण यहाँ समेट्ने प्रयास गरिएको छ। यसै क्रममा केही पत्र-पत्रिका तथा केही सम्पादित पुस्तकमा नेपाली कथाहरूको विश्लेषण गर्ने क्रममा सानु लामाका कथाको पनि सामान्य रूपमा उल्लेख तथा चर्चा गरिएको र उनका कथाहरू पढेर व्यक्तिगत रूपमा उनलाई पत्रमार्फत् केही जनाइएका कुराहरू पनि यस शोध प्रबन्धको तयारी गर्ने क्रममा उपयोगी रहेका छन्।

यी अध्ययनहरूमध्ये अधिकांशत: विभिन्न पत्रिकाहरूमा छापिएका लेख तथा सम्पादित ग्रन्थका भूमिकामा प्रसङ्गवश गरिएको उल्लेखका रूपमा मात्र छन्। यसै विषयमा केन्द्रित भई गरिएका अध्ययनका रूपमा भने अद्यावधि रेनुका तामाङ्को 'सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण' लेख मात्र देखापर्दछ। यद्यपि सानु लामाका कथाहरूको चर्चा गर्दा प्रसङ्गवश भए पनि केही मात्रामा परिवार तथा पारिवारिक जीवनसँग सम्बन्धित घटना तथा कुराहरूबारे उल्लेख भने गरिएको पाइन्छ। सानु लामाका कथाको मूल भावभूमि सामाजिक एवम् पारिवारिक जीवनमा आधारित पाइन्छ तापनि यही मूल पक्षकै चाहिँ अध्ययन अद्यावधि अपेक्षित रहेको पाइन्छ। अतः उनको कथा लेखनको यही पक्ष विशेषलाई केन्द्रीय विषय स्वरूप ग्रहण गरी प्रस्तुत शोध प्रबन्ध तयार पारिएको छ।

## १.५ शोधको अवश्यकता र औचित्य

सानु लामाका कथाबारे भएको पूर्वकार्यको सर्वेक्षणबाट के कुरा स्पष्ट हुन्छ भने हालसम्म लामाका कथामा पारिवारिक जीवनको चित्रणलाई नै लिएर कथाको अध्ययन र विश्लेषण गरी कुनै शोधप्रबन्ध तयार पारिएको पाइँदैन। सानु लामा आफ्नो समकालीन सामाजिक जीवन र परिवेशको कथाकारका रूपमा चर्चित छन्, तर त्यही सामाजिक जीवनका आधारभूत एकाइका रूपमा परिवार र पारिवारिक

जीवनप्रति उनी के कति सचेत र आग्रही देखिन्छन् त्यसको विश्लेषण र मूल्याङ्कन हुनु आवश्यक छ। उनका कथामा प्रायः घटनाहरू पारिवारिक विषयसित जोडिएर बसेका देखिन्छन्। कथामा परिवारभित्रका विविध पक्षको विश्लेषण समेत भएको पाइन्छ । यसैले सानु लामाले कथामा प्रयोग गरेका पारिवारिक कुराहरू कथाअनुरूप र सुहाउँदा पनि देखिन्छन्। उनी सामाजिक एवम् पारिवारिक जीवनका भाषिक चित्रकार हुन्। नेपाली समाजमा प्रचलित पारिवारिक संस्थाको के-कस्तो चित्र उनले कथामा उतारेका छन् सो हेरेर उनका कथाको मूल्याङ्कन गरिनु आवश्यक छ। तसर्थ, प्रस्तुत विषयमा गरिनु पर्ने विशद अध्ययन अद्यावधि नपाइएको हुनाले यसैलाई शोध समस्या स्वरूप ग्रहण गरी यसबारे उपयुक्त उत्तर खोज्नु आवश्यक र औचित्यपूर्ण कार्य रहेको कुरा स्वतः स्पष्ट छ। यसै तथ्यलाई केन्द्रमा राखी शोध प्रबन्ध तयार पार्ने काम गरिएको छ।

## १.६ शोधकार्यको सीमाङ्कन

अध्येताको विषयको गहनता, विस्तृतता तथा विविध आयाम र पाटाहरूलाई निर्धारित क्षेत्र र त्यसका सीमाभित्र रही अध्ययन गर्दा अध्ययनले सन्तुलित मापदण्ड पाएको हुन्छ। यो शोध प्रबन्ध कथाकार सानु लामाका आद्यावधि प्रकाशित कथाहरूमा परिवारको स्थिति र पारिवारिक जीवनको प्रत्यङ्कनको विश्लेषणात्मक अधययनमा केन्द्रित छ। परिवारको अवधारणा र यसको संरचनाका सन्दर्भमा पाइने समाजवैज्ञानिक परिभाषाहरूलाई आधार स्वरूप ग्रहण गरी तिनका आलोकमा सानु लामाका अद्यावधि प्रकाशित कथाहरूमा रहेको पारिवारिक जीवनका सन्दर्भहरूको अध्ययनमा यो शोधकार्य केन्द्रित छ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा मुख्य रूपले मिश्र अनुसन्धान पद्धति अवलम्बन गरिएको छ। यस क्रममा अधिकतः गुणात्मक शोध पद्धति अवलम्बन गरिएको छ र यथावसर परिमाणात्मक विधि पनि प्रयोग गरिएको छ। यी दुवै पद्धतिको अवलम्बन निम्न लिखित कार्यहरूका लागि भएको छ।

### १.७.१ सामग्री सङ्कलन विधि

आवश्यक सामग्री सङ्कलनका लागि मुख्य रूपले पुस्तकालीय अध्ययन विधि र क्षेत्र अध्ययन विधि यी दुईवटा स्रोतको प्रयोग गरिएको छ।

#### अ) पुस्तकालयीय अध्ययन विधि

यो शोध प्रबन्ध तयार पार्दा विभिन्न पुस्तकालयतिर गएर सामग्री सङ्कलन गर्ने काम गरिएको छ। यसो गर्ने क्रममा उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागीय पुस्तकालय र हिन्दी विभागीय पुस्तकालय, गान्तोक पूर्व सिक्किमको केन्द्रीय पुस्तकालय, गान्तोकको निर्माण पुस्तकालय, सानु लामाको निजी पुस्तकाल आदि प्रमुख रहेका छन्। यसका साथै इन्टरनेटका माध्यमद्वारा पनि शोधसँग सम्बन्धित सामग्रीहरू खोज्ने काम पनि गरियो।

#### आ) क्षेत्र अध्ययन विधि

प्रस्तुत शोध प्रबन्ध सानु लामाक कथामा पारिवारिक जीवनको चित्रण भएको हुँदा सानु लामाका कथाकृतिहरू र उनका कथाहरूलाई लिएर लेखिएका पुस्तुकहरूलाई

यहाँ सामग्रीको रूपमा ग्रहण गरिएको छ। शोध प्रबन्ध तयार पार्ने कामका निम्ति गरिएको शोधकार्यअन्तर्गत शोधकर्ताद्वारा सम्बन्धित व्यक्ति एवम् साहित्यकारहरूबाट आवश्यक जानकारी लिँदै सामग्री प्राप्त गर्ने काम गरियो। यसका साथै सहयोगी बन्धुहरूको व्यक्तिगत सङ्कलनबाट र उनीहरूको सहयोगद्वारा पनि सामग्री सङ्कलन गरिएको छ। पुस्तकालयहरूमा प्राप्त हुन नसकेका सामग्री जुटाउनका निम्ति सम्बन्धित विज्ञजनसित भेटघाट गरी अन्तर्वार्ता लिएर पनि सामग्री सङ्कलन गर्ने काम गरिएको छ।

### १.७.२ सैद्धान्तिक ढाँचा वा विश्लेषण विधि

प्रस्तुत शोध प्रबन्ध तयार पार्नका निम्ति उपलब्ध सामग्रीहरूको विश्लेषण गरेर सैद्धान्तिक ढाँचा निर्माण गर्ने काम यस शोधकार्यमा गरियो। उपलब्ध सामग्रीहरूको विश्लेषण र मूल्याङ्कनद्वारा निष्कर्षमा पुग्ने क्रममा यस शोधकार्यमा विशेषतः पाश्चात्यका साथै पूर्वीय चिन्तकहरूद्वारा परिवारसँग सम्बन्धित सान्दर्भिक सिद्धान्त र पद्धतिहरूलाई अप्नाइएको छ। शोधसँग सम्बन्धित प्राप्त सामग्रीहरूको अवलोकन मानवशास्त्री एवम् समाजशास्त्रीहरूले गरेको परिवारका वर्गीकरणका आधारमा अध्ययन गरिएको छ। यसका साथै सानु लामाका कथामा पारिवारिक जीवनको चित्रणको अध्ययन मुख्यतः संयुक्त र असंयुक्त परिवार, पारिवारिक सदस्यहरूको सङ्ख्या, विवाह, निवास, शिक्षा र अशिक्षा, आधुनिकता र सनातनता, आर्थिक सम्पन्नता र विपन्नता, पारिवारिक साइनो सम्बन्धका आधारमा, परिवारमा रहेको सांस्कृतिक तथा नैतिक मूल्य र मान्यता आदिका आधारमा गरिएको छ। यस शोध प्रबन्धमा सानु लामाका कथामा वर्णित परिवारका सदस्यहरूमाझ देखिने विभिन्न सम्बन्धहरूको पनि विस्तृत रूपमा अध्ययन गर्ने कार्य भएको छ। यसका अतिरिक्त पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथाको अध्ययन गर्ने काम

पनि यस शोध-प्रबन्धमा भएको छ। यसअन्तर्गत भारतीय नेपाली कथाकारहरूका कथा र सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण विषय लिएर पाइने साम्य र वैषम्य छुट्ट्याउने प्रयास पनि गरिएको छ।

प्रस्तुत शोध प्रबन्धमा पाद टिप्पणी राख्ने, फोन्टको आकार, पङ्क्तिमाझ पृष्ठका चारैतिर ठाउँ छोड्ने जस्ता काममा 'एम एल ए ह्यान्डबुक फर राइटर्स अफ रिसर्च पेपर', सातौँ संस्करण र कुमार प्रधानको सम्पादनमा प्रकाशित 'नेपाली लेखन शैली' भारतीय भाषा संस्थान, मैसुर अकादमी, गान्तोक, सन् २०११लाई आधार बनाइएको छ। शोधकार्यका निम्ति अप्नाइएका सन्दर्भ पुस्तकहरूका प्रकाशन साल र प्रकाशन संस्था शोधकर्ताले प्रयोग गरेका ती ग्रन्थहरूका संस्करणमा आधारित छन्। पुस्तकका जुन-जुन संस्करण शोधकर्तालाई प्राप्त भए तिनैका प्रकाशन साल र प्रकाशन संस्था सन्दर्भ सूचीमा प्रस्तुत गरिएको छ।

## १.८ शोधकार्यको सङ्गठन

अध्ययन सुविधाका निम्ति प्रस्तुत शोध प्रबन्धलाई छवटा अध्यायमा विभाजन गरी यसको रूपरेखा तयार गरिएको छ। यसको पहिलो अध्यायको शीर्षक 'शोध परिचय' छ। यसभित्र शोधको शीर्षक, शोध-समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र भावी शोधकर्तालाई सुझाउ जस्ता विषयहरू रहेका छन्।

प्रस्तुत शोध प्रबन्धको दोस्रो अध्यायको शीर्षक 'परिवार एवम् पारिवारिक जीवन' रहेको छ। यस अध्यायमा शोधकार्यको सैद्धान्तिक ढाँचाबारे अध्ययन प्रस्तुत गरिएको छ। यसो गर्ने क्रममा परिवार शब्दको अर्थ, परिभाषा र प्रकृति, परिवारका प्रकार्य, परिवारका विशेषता, परिवारका प्रकार, नेपालीहरूको पारिवारिक जीवनका

विशेषता र प्रकार, नेपालीहरूको पारिवारिक जीवनको बद्लँदो स्वरूपका मूल कारणहरू आदि बारेमा अध्ययन र विचार प्रस्तुत गर्ने काम गरिएको छ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो अध्यायको शीर्षक 'कथाकार सानु लामाको व्यक्तित्व र कृतित्वको परिचय' रहेको छ। यसभित्र कथाकार सानु लामाका जन्म र नाम, बाल्यकाल, शिक्षा, कर्ममय जीवन, वैवाहिक र पारिवारिक जीवन, साहित्यिक र साहित्येतर कौशल आदि विषयहरूको परिचयात्मक अध्ययन यस अध्यायमा रहेको छ।

प्रस्तुत शोध प्रबन्धको चौथो अध्यायमा 'सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण'-बारे अध्ययन गरिएको छ। यसभित्र सानु लामाका कथामा पाइने पारिवारिक जीवनको चित्रणबारे गहण अध्ययन गर्ने काम भएको छ। यसका साथै यसै अध्यायमा सानु लामाको कथाकारिताबारे संक्षेप्त रूपमा चर्चा पनि गरिएको छ।

यस शोध प्रबन्धको पाँचौँ अध्यायको शीर्षक 'पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथा' रहेको छ। यसअन्तर्गत आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक जीवनको चित्रण, आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक सम्बन्धहरूको अध्ययन, आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक समस्याहरूको विवरण, पारिवारिक जीवनमा केन्द्रित सानु लामाका कथा र भारतीय अन्य कथाकारहरूका कथामा पाइने साम्य र वैषम्य जस्ता उपशीर्षकहरू दिएर अध्ययन तथा विश्लेषण गर्ने काम गरिएको छ।

प्रस्तुत शोध प्रबन्धको अन्तिम तथा छैटौँ अध्यायमा 'शोधकार्यका उपसंहार र निष्कर्ष' प्रस्तुत गरिएको छ। उपसंहार अंशमा शोध प्रबन्धका पूर्वपर्ती अध्यायहरूमा गरिएका कार्यहरूको साररूप प्रस्तुत गर्ने काम गरिएको छ। यसको निष्कर्ष अंशमा प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गर्ने काम गरिएको छ।

यसपछि शोधकार्यका निम्ति प्रयोग गरिएका पुस्तक र पत्र-पत्रिकाको सूची साथै परिशिष्ट राखिएको छ।

## १.९ शोध प्रबन्धको प्ररूप

प्रस्तुत शोध प्रबन्धमा विषयको वर्गीकरण यसरी गरिएको छ-

| | |
|---|---|
| अध्याय एक | शोधकार्यको परिचय। |
| अध्याय दुई | परिवार एवम् पारिवारिक जीवन। |
| अध्याय तीन | कथाकार सानु लामाको व्यक्तित्व र कृतित्वको परिचय। |
| अध्याय चार | सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण। |
| अध्याय पाँच | पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथा। |
| अध्याय छ | उपसंहार र निष्कर्ष। |
| | सन्दर्भ सूची। |

## १.१० भावी शोधकर्तालाई सुझाउ

प्रस्तुत शोधकर्याको अनुभवका आधारमा कथामा पारिवारिक जीवनको चित्रणमाथि शोधकार्य गर्न चाहने भावी शोधकर्ताहरूलाई निम्नलिखित विषयहरूमा शोधकार्य गर्न सुझाउ दिइन्छ –

क) आधुनिक नेपाली कथामा पारिवारिक जीवनको चित्रणको अध्ययन।

ख) नेपाली कथामा चित्रित परिवारमा देखिने लैङ्गिक सङ्घर्षको अध्ययन।